शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

शिवालय गाउँपालिकाको वस्तुगत विवरण(Village Profile) निर्माणका लागि प्रस्ताव आव्हानको सूचना
प्रथम पटक प्रकाशित मितिः २०७५।०१।२३

यस गाउँपालिकाको वस्तुगत विवरण(Village Profile) तयार गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका परामर्शदाता फर्म वा कम्पनीहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव आव्हान गरिएको छ ।

१. कार्यशर्तको विवरण र दरभाउपत्र फाराम रु. १०००( पछि फिर्ता नहुने गरी) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (निवेदन, कम्पनी दर्ताको प्रमाणपत्रहरु, कर चुक्ताको प्रमाणपत्र आ.व. २०७४/७५) सहित कम्पनी वा फर्मको अधिकारपत्र (Power of Attorney) पेश गरी शिवालय गाउँपालिका कार्यालयमा खरिद गर्न सकिने छ । अन्तिम दिन बिदा पर्न गएमा त्यस पश्चात कार्यालय खुल्ने पहिलो दिन नै अन्तिम दिन मानिने छ ।

१) खरिद भएको दरभाउ पत्र फाराम सहित फर्मले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव सिलबन्दी गरी खाम बाहिर आफ्नो फर्मको नाम थर वतन कामको विवरण स्पष्ट उल्लेख गरी सिलबन्दी गरी यस शिवालय गाउँपालिकामा प्रस्ताव पेश गर्ने अन्तिम दिनको १२:०० बजेभित्र दर्ता गरिसक्नुपर्ने छ, दर्ता भएका प्रस्तावहरु सोही दिनको २ बजे यस कार्यालयमा खोलिनेछ । प्रस्तावदाता फर्मका प्रतिनिधि उपस्थति नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा पुग्ने छैन ।

२) प्रस्तावहरु सर्त रहित केरमेट नभएको हुनुपर्नेछ । यदि केरमेट भएमा दरभाउपत्रदाताको दस्तखत र छाप भएको हुनुपर्ने छ ।

३) तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड जाजरकोट शाखा कार्यालयको धरौटी खाता नं. ०७५०३००००००००३०००१४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाम गरिएको घटीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैकको बैंक ग्यारेन्टी (बिड बोण्ड) संलग्न हुनुपर्ने छ ।

४) ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड जाजरकोट शाखा कार्यालयको धरौटी खाता नं. ०७५०३००००००००३०००१४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाम गरिएको घटीमा १२ महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैकको बैंक ग्यारेन्टी (बिड बोण्ड) संलग्न हुनुपर्ने छ ।

५) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । केरमेट भएमा केरमेट भएको स्थानमा सहीछाप गर्नुपर्ने छ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । दरभाउ पत्र फारमको प्रत्येक पानामा सम्बन्धित ठेकेदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनुपर्ने छ ।

६) एक फर्मको नामबाट खरिद गरिएको दरभाउ फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

७) यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून तथा ऐन नियम अनुसार हुने छ ।

८) दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित हुनेछ ।

९) अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत